**Kaladarpan | Volume : 6 | No.: 1 | 2026, July, pages 91-98**

DOI : https://doi.org/10.3126/kaladarpan.v6i1.97848

# बैंसको मान्छे उपन्यासमा प्रजाति, क्षण र परिवेश

**चन्द्रमान श्रेष्ठ**
chandrambs2007@gmail.com
https://orcid.org/0009-0001-0627-7671

**लेखसार**

प्रस्तुत शोधलेखमा पारिजातद्वारा लेखिएको *बैंसको मान्छे* उपन्यासको समाजशास्त्रीय अध्ययन गरिएको छ । यस शोधलेखमा साहित्यको समाजशास्त्रअन्तर्गतका विभिन्न विचार पद्धतिमध्ये हिप्पोली तेनद्वारा प्रतिपादित प्रत्यक्षवादी विधेयवादी धाराअन्तर्गतका प्रजाति, क्षण र परिवेशसम्बन्धी मान्यताका आधारमा *बैंसको मान्छे* उपन्यासको अध्ययन गरिएको छ । यस क्रममा उपन्यासमा के कस्ता प्रजातिगत विशेषता प्रकट भएका छन् र त्यसमा पारिजातको प्रजातिगत विशेषताको कस्तो प्रभाव परेको छ भन्ने अध्ययन गर्नुका साथै उपन्यासले तत्कालीन नेपाली समाजको युगीन चिन्तन र भौगोलिक, आर्थिक तथा राजनीतिक परिवेशलाई कसरी चित्रण गरेको छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ । तसर्थ हिप्पोली तेनको समाजशास्त्रीय अवधारणा प्रजाति, क्षण र परिवेशसम्बन्धी अवधारणालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक शोधअन्तर्गत *बैंसको मान्छे* उपन्यासको विश्लेषण गरिएको छ । अध्ययनका क्रममा मूलतः पाठविश्लेषण पद्धति अँगालिएको छ र विषयको पुष्ट्याइँका लागि निगमनात्मक तर्कपद्धतिको उपयोग गरिएको छ। अध्ययनको अन्त्यमा *बैंसको मान्छे* उपन्यासमा विभिन्न पात्रहरूको प्रयोग भए तापनि तिनको प्रजातिगत विशेषताको सघन अभिव्यक्ति भने नभएको तथा तत्कालीन नेपाली समाजको युगीन चेतनालाई प्रस्तुत गर्नुका साथै सामाजिक, आर्थिक, राजनीतिक परिवेशको स्पष्ट चित्र उतारिएको निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** आदिम प्रवृत्ति, क्षण, परिवेश, प्रजाति, मानसिक संरचना ।

## विषयपरिचय

वि.सं. २०२९ सालमा प्रकाशित *बैंसको मान्छे* पारिजातको औपन्यासिक यात्राको पूर्वार्द्ध र उत्तरार्द्धको बिचको सङ्क्रमणकालीन वैचारिक अवस्थाको प्रतिनिधित्व गर्ने उपन्यास हो । यस उपन्यासमा एकातिर पारिजातका पूर्वार्द्धका उपन्यासहरूमा पाइने विसङ्गतिवादी, अस्तित्ववादी, शून्यवादी र जीवनविरोधी प्रवृत्तिहरू विस्थापित हुँदै गएका छन् भने अर्कातिर नेपाली समाजमा व्याप्त सामाजिक असमानता, आर्थिक विपन्नता, राजनीतिक भ्रष्टता, सामन्ती शोषण जस्ता विषयहरूप्रतिको उनको सरोकार बढ्दै गएको देखिन्छ । प्रस्तुत उपन्यास तत्कालीन युगसापेक्षता र पारिजातको जीवनसापेक्षतामा आएको देखिन्छ । प्रस्तुत उपन्यासको प्रकाशन समय २०२९ सालसम्म पञ्चायती व्यवस्था आफ्नो विकासको चरमोत्कर्षमा पुगेको थियो । त्यस समयमा नेपाली समाज आर्थिक विपन्नता, शैक्षिक अन्योल, सामाजिक असमानता, राजनीतिक तथा सांस्कृतिक दृष्टिले शोषण र दमनको अवस्थाबाट गुज्रिरहेको थियो । सचेत नेपाली जनमानस शासनसत्ताका विरुद्ध जागरुक बन्दै थियो । भूमिगत रूपमा विभिन्न राजनीतिक सङ्गठन र तिनका भातृ सङ्गठनहरू निर्माण र विकास भइरहेका थिए । नेपाली समाजका यी विभिन्न पक्षमाथि पारिजात क्रमशः सचेत बन्दै गएकी थिइन् र त्यसैको अभिव्यक्ति *बैंसको मान्छे* उपन्यासमा भएको छ । यस उपन्यासले समाजका निम्न स्तरका पात्रहरूका चरित्रमार्फत विकृत सामाजिक यथार्थको उद्घाटन गरेको छ ।

नेपाली समाजका विभिन्न पात्रहरू प्रयोग गरिएको, तत्कालीन युगीन चेतनाको उद्घाटन गरिएको तथा भौगोलिक, सामाजिक, आर्थिक, राजनीतिक परिवेशको सघन प्रस्तुति भएको हुनाले समाजशास्त्रीय कोणबाट पनि *बैंसको मान्छे* उपन्यास अध्ययनीय छ तर अहिलेसम्म यस कोणबाट उपन्यासको अध्ययन हुन सकेको देखिँदैन । यस उपन्यासको बारेमा हालसम्म प्रशस्त अध्ययन तथा टीकाटिप्पणीहरू भएका पाइन्छन् तर ती अध्ययनले उपन्यासको वैचारिक र अन्य पक्षका बारेमा प्रकाश पारे पनि उपन्यासमा प्रयुक्त पात्रहरूको प्रजातिगत विशेषता, क्षण तथा परिवेशलाई नै आधार बनाएर भने हालसम्म कुनै अध्ययन गरिएको पाइँदैन । यही अभाव र विषयको अध्ययनीयतालाई दृष्टिगत गरी प्रस्तुत लेखमा *बैंसको मान्छे* उपन्यासलाई विवेच्य सामग्री बनाई यसमा प्रजाति, क्षण र परिवेशको प्रस्तुति कसरी गरिएको छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयत्न गरिएको छ । अतः *बैंसको मान्छे* उपन्यासमा पारिजातको प्रजातिगत विशेषता, उनी बाँचेको युग तथा परिवेशको कस्तो प्रभाव रहेको छ भन्ने कुराको खोजीमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । अध्ययनका क्रममा *बैंसको मान्छे* उपन्यासमा विभिन्न पात्रहरूको प्रयोग भए पनि प्रजातिगत विशेषताको सघन अभिव्यक्ति भने नभएको र तत्कालीन नेपाली समाजको युगीन चेतनालाई प्रस्तुत गर्नुका साथै सामाजिक, आर्थिक, राजनीतिक परिवेशको स्पष्ट चित्र उतारिएको निष्कर्ष निकालिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत शोधलेखमा पारिजातद्वारा लेखिएको *बैंसको मान्छे* (२०२९) उपन्यासको प्रजाति, क्षण र परिवेशका आधारमा समाजशास्त्रीय अध्ययन गरिएको छ । तसर्थ यहाँ *बैंसको मान्छे* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यस शोधलेखमा प्रजाति, क्षण र परिवेशसम्बन्धी समाजशास्त्रीय सैद्धान्तिक पर्याधारका लागि विभिन्न विद्वान्हरूद्वारा विभिन्न समालोचनात्मक ग्रन्थमा व्यक्त विचार र विवेच्य कृति *बैंसको मान्छे* उपन्यासबारे विभिन्न विद्वान्का समालोचनात्मक लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । यी सबै प्रकारका सामग्रीहरूको सङ्कलन गर्दा पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको भएकाले सङ्कलित सामग्रीको अर्थापनका लागि मूलतः पाठविश्लेषण पद्धति अँगालिएको छ र विषयको पुष्ट्याइँका लागि निगमनात्मक तर्कपद्धतिको उपयोग गर्दै प्रजाति, क्षण र परिवेशलाई सङ्केत गर्ने उपन्यासकै साक्ष्यका आधारमा निष्कर्ष निकाल्ने काम भएको छ ।

## सैद्धान्तिक पर्याधार

साहित्य र समाजबिचको सम्बन्धको अध्ययन गर्ने वाङ्मयको शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले साहित्यमार्फत अभिव्यक्त भएको समाजको अध्ययन गर्दछ । साहित्यको समाजशास्त्रको वैज्ञानिक र वस्तुगत व्याख्या गर्ने प्रथम व्यक्ति फ्रान्सेली दार्शनिक तथा समालोचक हिप्पोली एडोल्फ तेन हुन् (लरेन्सन र सिङउड, सन् १९७२, पृ. २३) । *अङ्ग्रेजी साहित्यको इतिहास* (सन् १८६३) नामक ग्रन्थमा उनले आफ्नो साहित्यको समाजशास्त्रीय धारणा प्रस्तुत गरेका छन् । यसभन्दा अघि साहित्य र समाजबिचको सम्बन्धका बारेमा निकै चर्चा-परिचर्चा भए तापनि तेनले नै पहिलो पटक यसलाई व्यवस्थित र वैज्ञानिक रूपमा प्रस्तुत गरेका हुन् । त्यसैले हिप्पोली तेनलाई साहित्यको समाजशास्त्रका प्रवर्तक मानिन्छ । उनले साहित्य विश्लेषणका लागि प्रजाति, क्षण र परिवेश गरी तीनवटा आधार प्रस्तुत गरेका छन् । यिनै तीन तत्त्वका आधारमा साहित्यिक कृतिको सही र पूर्ण विश्लेषण गर्न सकिन्छ भन्ने तेनको मान्यता रहेको छ (लरेन्सन र सिङउड, सन् १९७२, पृ. ३३) । उनले साहित्य र समाज बिच प्रत्यक्ष कार्य-कारण सम्बन्ध स्थापित गर्दै साहित्यलाई लेखकका प्रजाति, क्षण र परिवेशको प्रतिविम्ब मानेका छन् ।

तेनद्वारा प्रतिपादित सबैभन्दा प्रमुख समाजशास्त्रीय अवधारणा प्रजातिसम्बन्धी अवधारणा हो । उनका अनुसार साहित्य प्रजातिको पदचिह्नको आधार हो (छेत्री, २०७३, पृ. १५) । साहित्य समाजबाट पृथक्

रहन सक्दैन र यो लेखकको समकालीन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावको प्रभावबाट सिर्जना हुन्छ (तेन, १९०६, पृ. ६-७) । उनी प्रजातिअन्तर्गत व्यक्तिका सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट तथा शारीरिक संरचना आदिको चर्चा गर्छन् । उनका अनुसार लेखकमा आफ्नो प्रजातिगत विशेषता विद्यमान रहेको हुन्छ र साहित्य सिर्जनाका सन्दर्भमा त्यसको प्रभाव पर्दछ । लेखकले आफ्ना रचनाको सामग्री आफ्नो प्रजातिबाट नै ग्रहण गर्दछ । त्यसैले साहित्यिक कृतिको अध्ययन गर्दा त्यसको प्रजातिगत अध्ययन गर्नु आवश्यक हुन्छ । कुनै एक प्रजातिका मानिसहरू जहाँ गए पनि तिनीहरूमा निश्चित प्रजातिगत गुणहरू विद्यमान रहिरहन्छन् । तर फरक भूगोल, हावापानी र खानपानको प्रभावका कारण केही प्रजातीय गुणमा परिवर्तन आउन सक्छ । यस्तो अवस्थामा पनि तिनीहरूमा आफ्नो प्रजातिको मौलिक विशेषता र चिह्नगत आधारहरू कायम नै रहन्छन् ।

तेनले वंश-परम्पराबाहेक प्रजातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई मानेका छन् । शारीरिक बनावट भन्नाले व्यक्तिको उचाइ, मोटाइ, आकार-प्रकार आदि रूप भन्ने बुझिन्छ । आर्य र मङ्गोलहरूको शारीरिक बनावट भिन्न देखिन्छ । मङ्गोलहरू होचो र मोटो कदका, सानो नाक र चिम्से आँखा भएका हुन्छन् भने आर्यहरू यसभन्दा भिन्न अग्लो र पातलो कदका, लामो नाक र ठूला आँखा भएका हुन्छन् । कुनै एक प्रजातिका मानिसहरूको शारीरिक बनावटमा समानता पाइनुमा वंशानुगत गुणको प्रभाव देखिन्छ ।

तेनले कुनै एक प्रजातिका मानिसहरूमा समान मानसिक संरचना हुने कुरा उल्लेख गरेका छन् । इतिहासका महान् घटनाहरूबाट कुनै पनि प्रजातिमा यस्तो विचारको विकास हुने कुरा तेनले बताएका छन् । यस प्रकारको समान मानसिक संरचना हुनु पनि प्रजातिगत पहिचानको आधार हो । प्रजातिगत प्रभावबाट प्रतिभा र साहित्यकारहरूको जन्म समाजमा हुन्छ र उनीहरूले साहित्यमा आफ्नो प्रजातिगत विशेषताहरू अभिव्यक्त गरेका हुन्छन् भन्ने धारणा तेनको रहेको छ । लेखकले कृतिमा आफ्नो प्रजातिगत गुणहरूको अभिव्यक्ति गर्ने भएकाले कृतिको अध्ययन गर्नु भनेको प्रजातिको अध्ययन गर्नु हो भन्ने तेनको मत रहेको छ । कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानवका बारेमा जान्नका लागि साहित्यको अध्ययन आवश्यक हुन्छ भन्दै तेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनको मुख्य आधारको रूपमा लिएका छन् ।

साहित्य विश्लेषणका निम्ति तेनद्वारा प्रतिपादित अर्को मान्यता क्षणसम्बन्धी अवधारणा हो । तेनले युग वा क्षणलाई निश्चित समय, युग र त्यस युगको चिन्तनको रूपमा व्याख्या गरेका छन् । लेखक आफू बाँचेको युग र परिवेशको प्रभाव कृतिमा परेको हुन्छ । तेनका अनुसार हरेक युगका केही आफ्ना 'प्रधान विचार' हुन्छन् र त्यसमा रहेको बौद्धिक स्वरूपका कारण त्यो सदियौँसम्म जीवित रहन्छ (लरेन्सन र सिङउड, सन् १९७२, पृ. ३५) । तसर्थ क्षणले त्यस कालखण्डलाई सङ्केत गर्दछ जसमा मानिसका बारेमा एक विशेष अवधारणा प्रचलित रहेको हुन्छ । युगको प्रधान विचारको प्रसार जीवनका व्यवहार र चिन्तन सबै क्षेत्रमा रहेको हुन्छ । लामो समयको अन्तरालमा यस्तो विचारमा क्रमशः ह्रास आउँदै जान्छ र अन्य कुनै नयाँ विचार विकसित भई प्रधान विचार बन्न पुग्दछ । यो दोस्रो विचार पहिलोसँग जोडिएको हुन्छ । साथै, यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग सम्बन्धित बन्दै नवीन चिन्तन र सिर्जनालाई प्रेरणा दिन्छ (पाण्डेय, सन् १९८९, पृ. १२५-१२६) । यसरी तेनले क्षणलाई विशेष चिन्तन वा विचारधाराको प्राधान्य रहेको युगविशेषको अर्थमा परिभाषित गरेको पाइन्छ । उनका अनुसार समकालीन परिवेश, चिन्तन र घटना तथा परिस्थितिले साहित्यकारको चेतनालाई प्रभावित गर्दछ र त्यसलाई नै लेखकले आफ्नो कृतिमा व्यक्त गर्दछ । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रका मानवीय जीवनको सत्यको पहिचान गराउँदछ । लेखकले आफ्नो प्रजाति, समाज र राष्ट्रको भावना एवम् आकाङ्क्षालाई अभिव्यक्त गर्ने भएकाले साहित्य एक युगको दस्तावेज तथा अभिलेख हो । साहित्यिक कृति कुनै युगविशेषको दर्पण

हुने भएकाले त्यसका माध्यमबाट सो युगको सजीव चित्र प्राप्त गर्न सकिन्छ । युगीन चेतनाको अभिव्यक्ति साहित्यिक कृतिमा हुने भएकाले कृति विश्लेषणका सन्दर्भमा त्यसको खोजी गर्नु आवश्यक छ ।

तेनद्वारा प्रतिपादित कृति विश्लेषणको तेस्रो महत्त्वपूर्ण धारणा परिवेश हो । परिवेशअन्तर्गत मूलतः प्राकृतिक परिवेशको चर्चा गरिए पनि तेनले यसअन्तर्गत सामाजिक, आर्थिक, राजनीतिक परिवेशको पनि व्याख्या गरेका छन् । परिवेश र साहित्यिक कृतिका बिच कार्य-कारणको सम्बन्ध हुन्छ भन्ने तेनको मान्यता रहेको छ । उनले प्राकृतिक परिवेशअन्तर्गत जलवायु र भूगोलको प्रभावको वर्णन गरेका छन् । जलवायु र भूगोलले मानव स्वभावमा प्रभाव पार्दछन् र त्यसको अभिव्यक्ति साहित्यिक कृतिमा हुने गर्दछ । तेनका अनुसार यस संसारमा मानिस एक्लो हुँदैन । उसका चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । मानिसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषता भौतिक, सामाजिक परिस्थिति तथा घटनाहरूबाट प्रभावित हुन्छन्, कहिले पुष्ट हुन्छन् भने कहिले तिनमा परिवर्तन हुन्छ (पाण्डेय, सन् १९८९, पृ. १२५) । उनले मानव स्वभाव र प्राकृतिक परिवेशका बिच कार्य-कारण सम्बन्ध स्थापित गर्ने प्रयास गरेका छन् र त्यस आधारमा साहित्यिक कृतिको विश्लेषण गरेका छन् । उनका अनुसार युनान तथा रोमको विशिष्ट प्राकृतिक परिवेशबाट त्यहाँका बासिन्दाको स्वभाव निर्धारण भयो र त्यही स्वभावको अभिव्यक्ति त्यहाँको संस्कृति, कला र साहित्यमा अभिव्यक्त भएको छ (पाण्डेय, सन् १९८९, पृ. १२५) । भूगोलले मानिसको स्वभावमा प्रभाव पार्दछ । उच्च हिमाली भेगमा बस्ने तथा मरुभूमिमा बस्ने मानिसको स्वभाव, व्यवहार तथा संस्कृतिमा निकै अन्तर पाइन्छ । भौगोलिक अवस्थाले आर्थिक विकासलाई निर्धारित गर्दछ र यसले संस्कृतिलाई प्रभावित गर्दछ (गेराडे, सन् १९३५, पृ. ५९) । तसर्थ प्राकृतिक, सामाजिक, आर्थिक र राजनीतिक परिवेशको कृति रचनामा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

जलवायु, भूगोल जस्ता प्राकृतिक परिवेशको वर्णन सँगसँगै तेनले आर्थिक, राजनीतिक र सामाजिक परिवेशको साहित्यमा पर्ने प्रभावको पनि उल्लेख गरेका छन् । साहित्य सिर्जनामा आर्थिक पक्षको प्रभावबारे पनि तेनलाई जानकारी थियो । उनले सामाजिक परिवेशअन्तर्गत आर्थिक पक्षलाई साहित्यिक कृतिसँग जोड्ने प्रयास गरेका छन् । समाजको भौगोलिक, आर्थिक, राजनीतिक, सामाजिक परिवेशको प्रभाव साहित्यिक कृतिमा पर्ने कुरा तेनले व्यक्त गरेका छन् ।

## विमर्श र नतिजा

*बैँसको मान्छे* पारिजातले विसङ्गतिवादी अस्तित्ववादी चिन्तनलाई परित्याग गरी सामाजिकतालाई ग्रहण गर्न थालेको महत्त्वपूर्ण दृष्टान्तको रूपमा रहेको उपन्यास हो । विसङ्गतिवादी अस्तित्ववादी विकृत चिन्तनको प्रवृत्तिबाट माथि उठी सामाजिक पक्षहरूलाई आत्मसात् गरे पनि यस उपन्यासमा पारिजातको वैचारिकता समाजवादी आदर्शअनुरूप नभई वैयक्तिक विद्रोहको सीमाभन्दा माथि उठ्न सकेको छैन । यद्यपि उपन्यासले नेपाली समाजका विभिन्न पक्षलाई महत्त्वका साथ प्रस्तुत गरेको छ । यहाँ *बैँसको मान्छे* उपन्यासको प्रजाति, क्षण र परिवेशको अध्ययन गरिएको छ ।

### प्रजातिको उपस्थिति

*बैँसको मान्छे* उपन्यासले 'म' पात्रको केन्द्रीयतामा नेपाली समाजका विभिन्न पक्षहरूको उद्घाटन गरेको छ । नेपाली समाजको यथार्थ पक्षको उद्घाटन गर्ने यस उपन्यासमा नेपाली मूलका विभिन्न पात्रहरूको प्रयोग गरिएको छ । 'म' पात्र, स्यामो, लाटी, पियन केटो, हवल्दार, साहु बा, खरदार, सचिव, बुढा बा, होटलवाल्नी जस्ता नेपाली समाजमा पाइने विभिन्न पात्रहरूको संयोजन यस उपन्यासमा भएको छ । नेपाली मूलका विभिन्न पात्रहरूको उपस्थिति देखिए तापनि उपन्यासमा ती सबै पात्रहरूको प्रजातिगत विशेषता भने खुलेको पाइँदैन । स्यामो भोटे जातिकी पात्र हो । मङ्गोलियन प्रजातिअन्तर्गत पर्ने भोटे जातिकी ऊ लाटीसँग देवलमा बसेर सेलो भाकामा आफ्नो मनको बह पोख्ने गर्छे । उसले 'म' पात्रका अगाडि

आफ्नो परिचय यसरी दिएकी छे, "तर मलाई स्यामो भन्छ । हाम्रो कुरामा स्यामो भनेको च्याउ हो, म च्याउ जस्तै छु रे" (पारिजात, २०५४, पृ. १५७-१५८) । सानैमा बाबुआमा गुमाएकी ऊ होटलमा भाँडा माझ्ने काम गर्छे । सरल र निश्छल मन भएकी स्यामो हवल्दारको विवाह गर्ने झुटो आश्वासन र सामान्य चुरोटको सट्टामा पनि सजिलै उसका अघि आफूलाई समर्पित गर्छे । स्यामोबाहेक अन्य पात्रहरूको प्रजातिगत विशेषता उपन्यासमा खुलेको पाइँदैन । उपन्यासको कथावाचकका रूपमा आएको 'म' पात्र आफैँ पनि कुन प्रजातिको हो भन्ने कुरा स्पष्ट भएको छैन ।

**क्षण/युग**

वि.सं. २०२९ सालमा प्रकाशित भएको *बैँसको मान्छे* उपन्यासले २०२८ सालतिरको नेपाली समाजको युगीन सन्दर्भलाई प्रस्तुत गरेको छ । तत्कालीन युगीन सन्दर्भलाई जनाउने घटनाहरू उपन्यासमा प्रस्तुत नभए तापनि 'म' पात्रले एक ठाउँमा २०२८ साल कुनै महत्त्वपूर्ण काम नगरी निरर्थक रूपमा बित्न लागेको कुरा व्यक्त गरेको छ । ऊ भन्छ :

> अठ्ठाईस साल छुचुन्द्रा जस्तो लुसुक्क जान थालिरहेछ । अन्तरमा पसिसकेपछि मात्र यो क्यालेन्डरको थोत्रो पाना बाँकी रहन्छ । एउटा वर्ष, बाटामा रक्सीले चुर मातेर सुत्न पाइने केही चाडहरूको, बेचिइएर यान्त्रिक भाषण गर्न पाइने केही जयन्तीहरूको, कहीँ नतमस्तक भएर र कहीँ उत्ताउलिएर राजधानीको सडकमा हिँडिदिनपर्ने केही उत्सवहरूको । एउटा वर्ष, तीन सय पैँसठ्ठीवटा मकैका दाना राखेर गन्न पुग्दैन यताहुँदो । कस्तो फितलो वर्ष, केराउको मुन्टा जस्तो कतै-कतै भिराइदिन पर्छ नत्र अस्तित्व नै छैन । अरूको आङमा बुइ चढेर रमिता हेर्ने वर्ष । यस्ता नपुंसक वर्षहरूमा हुर्कंदै जानु, बुढो हुँदै जानु, मर्दै जानु । लगार्दै छ बाबै यो अठ्ठाइस सालले पनि (पारिजात, २०५४, पृ. १९३) ।

'म' पात्रको यस भनाइमा २०२८ साल उसको व्यक्तिगत जीवन र समाजमा पनि कुनै महत्त्वपूर्ण कामहरू नभई अति सामान्य रूपमा बित्न लागेको चिन्ता व्यक्त भएको छ । नेपालको इतिहासमा पनि २०२८ साल राजनीतिकलगायत अन्य सामाजिक दृष्टिले कुनै महत्त्वपूर्ण घटना नभई अति सामान्य रूपमा बितेको पाइन्छ । प्रस्तुत उपन्यासमा पनि केही व्यक्तिगत घटनाबाहेक समाजमा आमूल परिवर्तन ल्याउने ठुला घटनाहरू घटेका छैनन् । तर त्यस समयमा नेपाली जनतामा असन्तोष र विद्रोहको भाव भित्रभित्रै उकुसमुकुस भएर गुम्सिरहेको थियो । सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि विभिन्न क्षेत्रमा रहेको अन्योल र नीतिगत अस्पष्टताका कारण नेपाली समाजले स्पष्ट दिशा लिन सकेको थिएन । केही सचेत नेपाली जनता शोषण र दमनका विरुद्धमा जागरुक र सङ्गठित बन्दै गएका थिए । राजनीतिक दलहरू प्रतिबन्धित भए पनि उनीहरूले विभिन्न विद्यार्थी सङ्गठनहरू खोलेर आफ्ना गतिविधिहरूलाई निरन्तरता दिइरहेका थिए । नेपाली समाजको यस युगीन सत्यलाई उपन्यासले जीवन्त रूपमा प्रस्तुत गर्न नसके पनि यसतर्फ केही सङ्केत भने गरेको पाइन्छ । पियन केटो र 'म' पात्रमा समाज र व्यवस्थाप्रति बढ्दै गएको आक्रोश र विद्रोहले नेपाली समाजको एउटा युगीन सत्यको उद्घाटन गरेको छ । आफ्ना हाकिमहरूबाट सधैँ शोषित भएको पियन केटो जागिर छाडेर विद्रोहमा लाग्ने कुरा गर्दै भन्छ :

> म आफ्नो पसिना र मेहनतले गालेका क्षणहरूलाई जम्मा गरेर त्यसमाथि युद्धको एउटा बिरुवा रोप्छु । म आफ्नो रगतले एउटा घोषणा लेख्छु । गान्टेमुलाको झोल र भात खाएर ईंट बोक्नेहरूले पाँच मोहर दाममा मान्छेको रगत बेचेर युगौं युगदेखि टाउको उठाउन नपाउने पीडितहरूले यस घोषणा-पत्रलाई पढ्नेछन्, आफ्नो परिश्रम र तागतको मूल्याङ्कन गर्नेछन् । पख हामीलाई परिवर्तनले टिप्छ, युगले टिप्छ, हामीलाई युद्धले टिप्छ (पारिजात, २०५४, पृ. २०६) ।

पियन केटोको यस भनाइमा नेपाली समाजमा वर्षौंदेखि उकुसमुकुस भएर रहेको आक्रोश र विद्रोहले विस्फोटक रूप लिन लागेको कुरालाई व्यक्त गरिएको छ । तत्कालीन नेपाली समाजमा असन्तोष र

विरोधका स्वरहरू व्यक्त गर्ने वातावरण थिएन । नेपाली जनता आफूमाथि भएका शोषण र दमनलाई सहेर बाँच्न बाध्य थिए । सचेत नेपाली नागरिकहरूले यस कुरालाई महसुस गरेका थिए र परिवर्तनको क्रम सुरु गरिसकेका थिए । यस उपन्यासमा पनि टिबी रोग लागेर मर्न लागेको अवस्थामा पुगेको पियन केटोलाई तुरुन्तै घरबाट निकालेर लैजा भन्ने घरभेटी साहु बाको हत्या गरिसकेपछि 'म' पात्रले यस्तो भाव व्यक्त गरेको छ, "तिमीलाई रेशा-रेशा सुकाएर मार्ने व्यवस्थाको आज मैले विध्वंसको सुरुवात गरिदिएको छु । देशभक्तिको गीत गाएर एक-अर्कालाई घृणा गर्ने विश्वासघाती मान्छेको हत्या गरिदिएको छु । यो अन्त्य होइन मात्र सुरुवात हो" (पारिजात, २०५४, पृ. २२२) । साहु बाको हत्यामा 'म' पात्रको व्यक्तिगत आक्रोश नै मुख्य कारण देखिन्छ तर पनि उसले यस घटनालाई अन्यायपूर्ण शासन व्यवस्थाको अन्त्यको सुरुवात भनेर व्याख्या गरेको छ । यसले पञ्चायती शासन व्यवस्थाविरुद्ध नेपाली जनता सङ्गठित बन्दै गएको युगीन सत्यलाई सङ्केत गरेको छ ।

**परिवेश/पर्यावरण**

भौगोलिक पर्यावरणका सन्दर्भमा *बैंसको मान्छे* उपन्यासमा काठमाडौं सहरको वर्णन गरिएको पाइन्छ । काठमाडौं उपत्यकाका कुनै पनि ठाउँहरूको उल्लेख नगरीकन यहाँको परिवेशलाई चित्रण गर्ने काम उपन्यासमा भएको छ । उपन्यासमा काठमाडौंको परिवेश झल्काउने मन्दिर, देवल आदि स्थानहरूको चित्रण गरिएको छ । त्यही मन्दिरछेउको देवलमा लाटीको बास छ । होटलमा काम गर्ने स्यामो आफ्नो फुर्सदको समयमा देवलमा आउँछे र लाटीसँगै बसेर सेलो भाकामा मनको बह बिसाउँछे । त्यही मन्दिर र देवलमा विभिन्न नैतिक तथा अनैतिक कार्यहरू भएका छन् । देवल र त्यहाँ सञ्चालन हुने विभिन्न गतिविधिको वर्णन गर्दै उपन्यासमा भनिएको छ :

> देवलमा मसिनो हल्ला व्याप्त छ, धेरै जना बोलिरहेका छन् तर कोलाहल होइन । यहाँ सधैं यस्तै हो । पैसा नहुनेहरू, दिशाहीनहरू, असंगठितहरू आफ्नो ढङ्गको सानो गुट बनाउँछन्, तास खेल्छन्, गाँजा खान्छन्, एउटा-दुइटा पुलिस, एउटा-दुइटा जाली फटाहा नेतागिरी गर्छन्, शासन गर्छन् । देउता बोकेको देवल यो निकै राम्रो केन्द्र हो यो अपराधहरूका निम्ति (पारिजात, २०५४, पृ. १६०) ।

विभिन्न आपराधिक गतिविधिहरूको केन्द्र बनेको त्यो देवल काठमाडौं सहरभित्रकै कुनै एक देवल हो भन्ने कुरा स्पष्ट छ । त्यही देवलमा लाटी तथा स्यामो जस्ता युवतीहरूको यौवन लुटिएको छ । 'म' पात्रले पनि यही देवलमा बस्ने लाटीलाई सम्भोग गरेको छ । त्यही देवलको छेउमा रहेको होटलमा स्यामो भाँडा माझ्ने काम गर्दछे । उसका बाबुआमाको मृत्यु भएपछि ऊ काठमाडौं आएको कुरा उपन्यासमा यसरी उल्लेख गरिएको छ, "बिचरी ! यसको कोही छैन... अँ टुहुरी रे, आमाबाबु मरिसकेपछि पौरख गर्न काठमाडौं आएकी रे" (पारिजात, २०५४, पृ. १५८) । यस भनाइबाट पनि स्यामोले काम गर्ने होटल काठमाडौं सहरकै हो भन्ने स्पष्ट हुन्छ ।

उपन्यासमा शोषण, दमन, अन्याय, अत्याचार र विकृतिग्रस्त सामाजिक परिवेशको चित्रण गरिएको छ । शोषणका विभिन्न रूपलाई उपन्यासमा देखाइएको छ । उपन्यासमा एकातिर निमुखा र अशिक्षित महिलाहरूमाथि भएको शारीरिक तथा यौन शोषणको कुरालाई प्रस्तुत गरिएको छ भने अर्कातर्फ शासन व्यवस्थाबाट शोषित र पीडित बन्न पुगेका पियन केटो र 'म' पात्रको जीवनयथार्थलाई प्रस्तुत गरिएको छ । देवलमा बस्ने लाटीलाई 'म' पात्रलगायत समाजका विभिन्न प्रतिष्ठित व्यक्तिहरूले बलात्कार गरेका छन् भने स्यामोको सरलपनको फाइदा उठाएर केही चुरा तथा चुरोटका खिल्लीहरू दिँदै बिहे गर्ने झुटो आश्वासन दिएर हवल्दारले यौन शोषण गर्ने गरेको छ । हवल्दारले स्यामोमाथि यौन शोषण गरेको कुरा 'म' पात्रको यस भनाइबाट स्पष्ट हुन्छ, "बिन्ती स्यामो, तिमी त्यो पुलिसको हवल्दारसँग बिहे नगर्नू है । कस्तो जबरस्वाँठ छ । त्यो स्वास्नी खेलाएर खप्पिस भइसकेको मान्छे, त्यसले तिम्रो कुसुमे आङलाई बोक्सीले जस्तै

चुस्ने छ" (पारिजात, २०५४, पृ. १७६) । स्यामोलाई बिहे गर्ने आश्वासन दिएर यौन शोषण गर्ने हवल्दार उसको मृत्युमा भने सामान्य चोटको पनि अनुभूति गर्दैन ।

पियन केटो शासन व्यवस्थाको चर्को मारमा परेको छ । ऊ असाध्य कम तलबमा काठमाडौँमा डेरा गरी बसेको छ । साइकल कुदाउँदै, आधा पेट र निम्न स्तरको खाना खाँदै, मनमा असन्तुष्टि, अतृप्ति र व्यथाका भावबिच रुमलिँदै उसले रोगी जीवन बिताइरहेको छ । ऊ टि.बी. रोगले ग्रसित भएको छ र उपचार गर्न नसकेर ऊ त्यसै सुकेर मर्दछ । व्यवस्थाले आफूमाथि गरेको शोषण र भेदभावका बारेमा ऊ भन्छ :

> सचिवले तीन-तीन घण्टामा आमलेट र तातो कफी पिउँदै योजनाबद्ध गरिरहेको देश, मैले दुई दिन भोकै बसेर दिनको बाह्र घण्टा सेवा गरिरहेको देश, कहाँ कसरी विकास हुँदै छ ? के मेरो देशलाई मैले सेवा गरिरहेछु ? मलाई जवाफ देऊ भाइ, जुन देशको निर्माण खातिर म रगतको पसिना बगाइरहेछु त्यो देशले मलाई जीवनभरिमा कहिले निर्माण गर्ला ? (पारिजात, २०५४, पृ. १७९) ।

पियन केटोका यी भनाइमा शासन व्यवस्थाको मारमा परेर क्षतविक्षत बन्न पुगेको उसको जीवन अवस्थाको चित्रण भएको छ । ऊ दिनको बाह्र घन्टा काम गर्दछ तर पनि पेटभरि र स्वस्थ खाना खान पाउँदैन । यही कारणले उसलाई टि.बी. रोग लागेको छ । रोग लाग्दा पनि ऊ डाक्टरले सिफारिस गरेको औषधि किनेर खान सक्दैन र सामान्य औषधिको भर पर्नुपर्ने हुन्छ । उसको यस्तो दयनीय अवस्थालाई उसैका यी भनाइले स्पष्ट पारेका छन्, "पुर्जी लेखेको त हो गोडा बाह्र एक रुपियाँको, मैले दुई चक्की एनासिन लिएर आएँ । त्यसो त धेरैपल्ट बिरामी भइसकेको छु र प्रत्येकपल्ट एनासिनले नै निको भएको छ" (पारिजात, २०५४, पृ. १९८) । जस्तोसुकै गम्भीर रोग लागे पनि एनासिन खाएर निको हुनुपर्ने गरिबहरूको बाध्यता हो र त्यसले निको नभए रोगले च्यापेर मर्नु पर्दछ ।

उपन्यासमा तत्कालीन राजनीतिक परिवेशको पनि सङ्केत गरिएको छ । त्यस समयमा पञ्चायती व्यवस्थाले चलाएको अन्याय र शोषण चरम चुलीमा पुगेको थियो । मुलुकका अधिकांश नागरिक कुशासनको परिणामले पिल्सिएका थिए । उनीहरू चरम आर्थिक अभावको सामना गर्दै बाँचिरहेका थिए र आफ्नै घरभित्र असुरक्षित थिए । पञ्चायती शासनमा नागरिकको जीवन शासकहरूको एक इसारामा ध्वस्त हुन सक्थ्यो । 'म' पात्रको निम्न कथनले पनि यसको प्रतीकात्मक अभिव्यञ्जना गरेको छ :

> खान पाउनेले शासन गरेको देश हो यो, लुटेराहरूले शासन गरेको देश हो । तिमी जस्ता सुकोमल तरुनीहरू यहाँ गद्दीमा सुती-सुती खान्छन्, मोटाउँछन् । आफ्नै माटोमा तिमी असुरक्षित छ्यौ, साँच्चै ठुटोमा पलाएको च्याउ हौ तिमी, तिमीलाई एउटा जाबो लाब्रे कीराले अस्तित्वहीन बनाउन सक्छ (पारिजात, २०५४, पृ. १७८) ।

पञ्चायती शासकहरूले देश र जनतालाई शोषण गरेर आफू मोजमस्ती गरिरहेका थिए । शासकहरूको यस्तो व्यवहारका कारण नेपाली जनताको आर्थिक अवस्था दिनप्रतिदिन खस्कँदै गएको र उनीहरूको जीवन असुरक्षित बनिरहेको वास्तविकता उक्त भनाइमा व्यक्त भएको छ । आर्थिक अभावमा कष्टपूर्ण जीवन बाँचिरहेका निम्न वर्गका मानिसहरूको जीवन सम्पन्न मानिसहरूको अपमानजनक व्यवहारका कारण झनै क्षतविक्षत बन्न पुग्दछ । 'म' पात्रलाई गरिबीकै कारण परिवार र समाजमा प्रतिष्ठित बुढा बाले चोरीको आरोप लगाएको छ । बुढा बा आफ्नो घरमा पैसा हराएको भनी 'म' पात्रको गोजी छाम्दछ । बुढाको यस्तो व्यवहारबाट अपमानित महसुस गरेको 'म' पात्रले यस्तो विचार व्यक्त गरेको छ, "म गरिब छु, बेकारी छु, लफङ्गा छु यसैले म चोर हुन सक्छु । एउटा सम्मानित मान्छे आएर मेरो खल्ती छाम्न सक्छ, शङ्का गर्न सक्छ । धनीको छोरालाई के ऊ यस्तो व्यवहार गर्न सक्छ ?" (पारिजात, २०५४, पृ. २०२-२०३) । यस भनाइमा गरिब भएकै कारण समाजमा अपमानित हुन परेको भाव व्यक्त भएको छ ।

## निष्कर्ष

*बैंसको मान्छे* उपन्यास पारिजातको समाजबोध गर्ने पहिलो उपन्यास हो । विसङ्गतिवादी अस्तित्ववादी चिन्तनलाई परित्याग गर्दै सामाजिकतालाई आत्मसात् गरेर लेखिएको यस उपन्यासमा प्रजातिगत विशेषताको स्पष्ट चित्रण नपाइए पनि क्षण र परिवेशको भने सघन प्रस्तुति पाइन्छ । विभिन्न पात्रहरूको प्रयोग गरिएको भए तापनि तिनको प्रजातिगत पहिचान खुलाइएको छैन । भोटे जातिकी स्यामोको प्रजातिगत पहिचान खुले पनि अन्य पात्रहरूको प्रजातिगत पहिचान खुलेको छैन । अतः यस उपन्यासमा पात्रका प्रजातिगत विशेषतालाई त्यति महत्त्व दिइएको पाइँदैन । पारिजातले आफू बाँचेको नेपाली समाजको युगीन अभिव्यक्ति उपन्यासमा गरेकी छन् । उपन्यासमा २०२८ सालतिरको नेपाली समाजको युगीन परिवेशको चित्रण गरिएको छ । पञ्चायती शासन व्यवस्थामा बढ्दै गएको शोषण, दमन, अन्याय र अत्याचारका कारण निम्नवर्गीय नेपाली जनताको जीवन क्षतविक्षत बन्न पुगेको र त्यसका विरुद्ध जनतामा आक्रोश र विद्रोहको भाव बढ्दै गएको तत्कालीन युगीन सत्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ । भौगोलिक रूपमा काठमाडौंका विभिन्न स्थानहरूलाई अमूर्त रूपमा पस्तुत गरिएको यस उपन्यासमा आर्थिक असमानता र शोषणका कारण जर्जर बन्न पुगेको नेपाली समाजका सामाजिक, आर्थिक, राजनीतिक परिवेशको चित्रण गरिएको छ । समग्रमा पञ्चायतकालीन नेपाली समाजका सामाजिक, आर्थिक, राजनीतिक परिवेशको चित्रण गर्न उपन्यास सफल रहेको छ । तसर्थ प्रस्तुत उपन्यास समाजशास्त्रीय दृष्टिले अध्ययनीय बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची

घिमिरे, कृष्णप्रसाद र ज्ञवाली, रामप्रसाद (२०५८). *आख्यानकार पारिजात.* काठमाडौं : हजुरको पुस्तक संसार ।

छेत्री, उदय (२०७३). *समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यान.* गान्तोक : शेरबहादुर सुवेदी ।

पाण्डेय, मैनेजर (इ.१९८९). *साहित्य के समाजशास्त्र की भूमिका.* चन्डीगड : हरियाणा साहित्य अकादमी ।

पारिजात (२०२९). बैंसको मान्छे. सङ्कलन तथा पुनर्मुद्रण. *पारिजातका सङ्कलित रचनाहरू* (२०५४) ग्रन्थ एक. सम्पा. पवन चाम्लिङ. गान्तोक : निर्माण प्रकाशन ।

सिङउड, एलेन (सन् १९९२). साहित्य के समाजशास्त्रीय सिद्धान्त. अनु. निर्मला जैन/कुसुम बाँठिया. *साहित्य का समाजशास्त्रीय चिन्तन.* दिल्ली : हिन्दी माध्यम कार्यान्वय निदेशालय दिल्ली विश्वविद्यालय ।

Guerard, Albert (1935) . *Literature And Society* . Boston : Lothrop Lee and Shepard Company .

Laurenson, Diana and Swingewood (1972) . *The Sociology of Literature* . London : Granada Publishing Limited .

Taine, Hippolyte (1906) . *History of English Leterature* . London : Chatto and Windus .